# मिति २०८०।०१।२६ गते बसेको निस्दी गाउँ कार्यपालिकाको २९ औं बैठकका निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गर्दा कार्यान्वयन भएको पाइयो । साथै वडागत रुपमा सात वटै वडाका वडा अध्यक्षहरुले सार्वजनिक सेवा प्रवाह, जन गुनासो सम्वोधन, आयोजना संचालनको विषयमा यस कार्यपालिका बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताब नं २ माथि छलफल गर्दा भुउपयोग-बर्गिकरण गर्न सेवा खरिद गरिएको सेवा प्रदायक संस्था बाट यस कार्यपालिका तथा सम्बन्धित बिषयगत शाखाप्रमुखहरुको संयुक्त बैठकमा प्रारम्भिक अभिमूखीकरण कार्यक्रम सम्पन्न भयो ।

३. प्रस्ताब नं ३ माथि छलफल गर्दा वडा नं ५ गल्धा स्वास्थ्य चौकी लाई सुरक्षित गर्भपतन सेवा प्रदायक संस्था र सोही संस्थाका तालिम प्राप्त कर्मचारी लक्ष्मी देवी अर्याललाई सेवा प्रदायक स्वास्थ्यकर्मीको रुपमा सूचिकरण गर्ने निर्णय गरियो ।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको होम स्टे संचालन कार्यविधि २०७९ अनुसारको मापदण्ड तथा प्रक्रिया पूरा गरि होम स्टे दर्ता गर्न माग भएको काउँले डाँडा सामुदायिक होम स्टे लाई यस गाउँपालिकामा नियमानुसार दर्ता गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा लोक सेवा आयोग तयारी कक्षा संचालन गर्ने कार्यको लागि पदाधिकारी तथा कर्मचारी तालिम शिर्षक बाट अधिकतम रु ५ लाख भूक्तानी गर्ने निर्णय गरियो । साथै चालु आ.ब. २०७९।८० मा कार्यान्वयन नहुने वडा नं ३ झिरुवास अन्तरगतको योजना डाँडाथर सार्वजनिक भवन निर्माण शिर्षक रु ३ लाख बाट वडा नं ३ झिरुवासको लागि अधिकतम रु १ लाख को खेलकुद सामग्री खरिदका लागि र अन्तर-पालिकास्तरिय खेलकुद प्रतियोगिता संचालन हुँदा उक्त शिर्षकमा विनियोजित रकमबाट नपुगेको जति रकम जनजाति शिर्षकबाट भूक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा चालु आ.ब. २०७९।०८० को बजेटमा कृषि पशु उपज संकलन भवन निर्माणको लागि विनियोजित रकम रु ५ लाख र निस्दी कृषि तथा उद्यमशिलता परियोजनाको कलेक्सन सेन्टर प्रोजेक्ट एरिया शिर्षकबाट रु ५ लाख गरी जम्मा रु १० लाखको बजेटमा वडा नं.४ मित्यालमा रहेको महिला उत्थान गाउँ समन्वय समितिको भवनमा तला थप गरी उक्त भवन निर्माणका लागि ४ नं. वडा कार्यालयको मिति २०८०।०१।२५ गतेको निर्णयानुसार उपरोक्त समन्वय समिति सँग सम्झौता गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

मिति २०८०।०१।२६ गतेको निस्दी गाउँ कार्यपालिकाको बैठकका निर्णय प्रमाणित

०८०।१।२६
ध्रुव दयाल
प्रमुख प्रशासकिय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner